२०८२ साल, वर्ष ७, अंक २१ (फाल्गुन)

लाटोकोसेरो संरक्षण सबैका लागि



# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)

# यो अङ्कमा के के छ?


पुराणमा लाटोकोसेरो.....४

लाटोकोसेरो. पुराना घर र बुढा रुखले दिने आनन्द!.....५

लाटोकोसेरोका रमाइला जानकारीहरु !.....८

लाटोकोसेरो मृत्युबाट जन्मिएको संरक्षण चेतना.....९

एक साँझ, त्यो लाटोकोसेरो,अनेक सोचहरु.....१२

लाटोकोसेरोले फेरेको मेरो मन !.....१४

जंगलका आँखा.....१६

लाटोकोसेरो सम्बन्धि समाचार, उद्दार अन्य जानकारीहरु.....१८




# हाम्रो भन्नु



नेपाल सरकारले तयार गरेको  'लाटोकोसेरो संरक्षण कार्ययोजना २०२०-२०२९' को मुख्य उद्देश्य लाटोकोसेरो तथा हुचिलको बासस्थान संरक्षण गर्नु, अनुसन्धान बढाउनु, अवैध शिकार र व्यापार नियन्त्रण गर्नु तथा जनचेतना अभिवृद्धि गर्नु हो। लाटोकोसेरो वातावरणीय सन्तुलन कायम राख्ने महत्वपूर्ण पक्षी भएकाले यसको संरक्षण अत्यन्त आवश्यक छ।तर कार्ययोजना बनेको पाँच वर्ष बितिसक्दा पनि यसको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण देखिएको छ। धेरै ठाउँमा लाटोकोसेरोको बासस्थान नष्ट हुँदै गइरहेको छ भने अन्धविश्वास र अवैध व्यापारका कारण यी पक्षीहरू मारिने घटनाहरू अझै भइरहेका छन्। यस्तो अवस्था रहिरहेमा कार्ययोजनाले अपेक्षित उपलब्धि हासिल गर्न कठिन हुन सक्छ।

यद्यपि केही सकारात्मक पहलहरू पनि सुरु भएका छन्। WHITLEY FUND FOR NATURE (WFN) को सहयोगमा लाटोकोसेरो संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, कानून कार्यान्वयन निकायलाई तालिम दिने, कृत्रिम गुँड बनाउने तथा बासस्थान संरक्षण गर्ने जस्ता गतिविधिहरू अघि बढाइएका छन्।यसैगरी, वन तथा वातावरण मन्त्रालयले वन्यजन्तु सम्बन्धी अपराध नियन्त्रणका लागि 'शुराकी' मोबाइल एप्लिकेशन विकास गरेको छ। यसले अवैध शिकार र व्यापारसम्बन्धी सूचना संकलन तथा निगरानी गर्न सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ। तर यस्ता पहलहरू अझै सीमित छन् र देशभर प्रभावकारी रूपमा विस्तार हुन सकेका छैनन्।

स्थानीय तहबाट पनि केही राम्रो उदाहरण देखिएका छन्। उदाहरणका लागि, पोखरा महानगरपालिका वडा नं. २५ हेम्जाले लाटोकोसेरो संरक्षणका लागि बजेट विनियोजन गरेको छ, जुन सकारात्मक र प्रेरणादायी कदम हो। तर अधिकांश स्थानीय तहहरूले अझै यस विषयलाई प्राथमिकता दिएका छैनन्।

यदि यही अवस्था कायम रहिरह्यो भने, दस वर्षको लाटोकोसेरो संरक्षण कार्ययोजनाले अपेक्षित प्रभाव पार्न सक्ने सम्भावना कम हुन्छ। लाटोकोसेरो संरक्षण केवल एउटा पक्षीको संरक्षण मात्र होइन, यो सम्पूर्ण पारिस्थितिक प्रणाली र वातावरणीय सन्तुलनसँग जोडिएको विषय हो। त्यसैले सरकार, स्थानीय तह, संरक्षण संस्था र समुदाय सबैले मिलेर यस कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आजको आवश्यकता हो।

# पुराणमा लाटोकोसेरो

पुराणहरूमा धेरै पक्षीहरूको उल्लेख पाइन्छ, तर लाटोकोसेरोबारे स्पष्ट र अर्थपूर्ण सामग्री खोज्दा ब्रह्म पुराण विशेष रूपमा अगाडि आउँछ। अन्य पुराणहरूमा पनि लाटोकोसेरोको नाम वा प्रसङ्ग भेटिन्छ, तर धेरैजसो ठाउँमा त्यो छोटो सन्दर्भ, अशुभ संकेत, श्राप, वा प्रतीकात्मक अर्थमा आएको छ। पूरा कथा, पात्र, र द्वन्द्वसहितको उल्लेख भने ब्रह्म पुराणमै बढी स्पष्ट देखिन्छ।



राजु आचार्य
प्रकृतिका साथीहरु

ब्रह्म पुराणमा उलूक र उलूकी नामका लाटोकोसेरो दम्पतीको उल्लेख पाइन्छ। उनीहरू गौतमी गंगाको किनारमा बस्ने बताइएको छ। त्यही क्षेत्रमा अनुह्लादनामका परेवा र उनकी पत्नी हेति पनि बस्ने गर्छन्। पुराणको कथाअनुसार, परेवा र लाटोकोसेरोबीच सामान्य झगडा मात्र थिएन, बरु वंशगत वैर थियो। परेवाको सम्बन्ध यम सँग जोडिएको छ भने लाटोकोसेरोको सम्बन्ध अग्नि सँग देखाइएको छ। यही कारण यो कथा केवल दुई चराको विवाद होइन, दुई फरक शक्तिको टकरावजस्तो देखिन्छ।

कथामा दुवै पक्षबीचको झगडा यति बढ्छ कि उनीहरूले दिव्य अस्त्रसमेत प्रयोग गर्न थाल्छन्। परेवाले यमबाट प्राप्त शक्ति प्रयोग गर्छन् भने लाटोकोसेरोहरूले अग्निबाट प्राप्त अस्त्र। जब यो संघर्ष अनियन्त्रित हुन थाल्छ, तब संसारलाई नै हानि पुग्ने स्थिति बन्छ। अन्ततः यम र अग्नि स्वयं उपस्थित भएर दुवै पक्षलाई वैर छोड्न र शान्त हुन सम्झाउँछन्। यही ठाउँमा ब्रह्म पुराणको कथा एउटा गहिरो सन्देश दिन्छ, प्रकृतिमा विरोध हुन सक्छ, तर अन्धो द्वेषले अन्ततः सबैलाई विनाशतर्फ लैजान्छ।

यस कथामा लाटोकोसेरोको चित्रण निकै रोचक छ। यसलाई केवल रातमा देखिने चरा भनेर मात्र प्रस्तुत गरिएको छैन। यसको स्वभावमा धैर्य, सतर्कता, मौनता, र लुकेको शक्ति देखिन्छ। लाटोकोसेरो दिनको भन्दा रातको पक्षी भएकाले पुराणीय कल्पनामा यसलाई रहस्य र गहिराइसँग जोडिएको देखिन्छ। त्यसैले ब्रह्म पुराणमा यसको उपस्थिति केवल कथात्मक छैन, प्रतीकात्मक पनि छ।

अब अन्य पुराणतिर हेर्दा, शिव पुराणमा पनि लाटोकोसेरोको उल्लेख पाइन्छ, कतिपय लोकव्याख्यामा लाटोकोसेरोलाई शिवसँग तुलना गरिएको भनिए पनि, स्पष्ट रूपमा “शिवलाई लाटोकोसेरोसँग तुलना गरिएको” प्रमाण बलियो रूपमा देखिँदैन। बरु शिव पुराणमा लाटोकोसेरो अशुभ संकेत र कर्मफलको प्रसंगमा बढी देखिन्छ। एक ठाउँमा तारकासुर जन्मिँदा भएका डरलाग्दा संकेतहरू वर्णन गर्दा सृगाल र लाटोकोसेरोको आवाज आएको भनिएको छ। यसले लाटोकोसेरोलाई रात, भय, र अनिष्टको वातावरणसँग जोडिएको देखाउँछ।

त्यस्तै शिव पुराणकै अर्को प्रसंगमा, पतिव्रता धर्मको उल्लंघन गर्ने स्त्रीले अर्को जन्ममा पोथी लाटोकोसेरो भएर रूखको टोड्कोमा बस्नुपर्ने फल भोग्छे भन्ने उल्लेख छ। यहाँ लाटोकोसेरो दण्ड, एकान्त, र दुःखपूर्ण अवस्थाको प्रतीकका रूपमा देखिएको छ। यसबाट के बुझिन्छ भने शिव पुराणमा लाटोकोसेरोको अर्थ ब्रह्म पुराणभन्दा फरक छ। ब्रह्म पुराणमा यो कथाको पात्र हो, जबकि शिव पुराणमा यो चेतावनी र फलको संकेत हो।

स्कन्द पुराणमा पनि लाटोकोसेरोको रोचक संकेत भेटिन्छ। त्यहाँ श्रापका कारण लाटोकोसेरो बन्ने प्रसंग छ, र अर्को स्थानमा दीर्घायु लाटोकोसेरो कथामा सहभागी भएको देखिन्छ। यसले लाटोकोसेरोलाई केवल अशुभ प्राणीको रूपमा मात्र होइन, अनुभव, दीर्घजीवन, र पुरानो ज्ञान बोकेको पात्रका रूपमा पनि देखाउन सक्छ। त्यसैगरी मार्कण्डेय पुराण मा “उलूक” नाम भय र विनाशसँग जोडिएको सन्दर्भमा भेटिन्छ।

समग्रमा हेर्दा, पुराणहरूमा लाटोकोसेरोको छवि एउटै छैन। कहिले यो वैर र शक्ति बोकेको पात्र हो, कहिले अशुभ संकेत, कहिले कर्मफलको प्रतीक, र कहिले श्राप वा रहस्यसँग जोडिएको जीव। तर यदि “लाटोकोसेरोबारे सबैभन्दा स्पष्ट र कथात्मक स्रोत कुन हो?” भन्ने प्रश्न उठ्छ भने उत्तर ब्रह्म पुराण नै हुन्छ।

त्यसैले हिन्दू पुराणहरूमा लाटोकोसेरोलाई बुझ्न ब्रह्म पुराण मुख्य आधार मान्न सकिन्छ, जबकि अन्य पुराणहरूले यसको प्रतीकात्मक अर्थलाई थप गहिरो बनाउँछन्। लाटोकोसेरो यहाँ साधारण पक्षी होइन; यो रात, रहस्य, मौन शक्ति, वैर, र चेतावनीको बहुस्तरीय प्रतीक हो।



# लाटोकोसेरो, पुरानो घर र बुढा रुखले दिने आनन्द!



केशव राज सापकोटा
नागरिक वैज्ञानिक तथा लाटोकोसेरो संरक्षण दूत,
हेमजा, कास्की

हाम्रो घर नजिकै एउटा पुरानो घर छ। त्यो घर शान्त र आकर्षक देखिन्छ। घरको वरिपरि रुखहरू छन्, खेतबारी छन्, अनि वातावरण पनि निकै प्राकृतिक छ। यो ठाउँसँग मेरो विशेष सम्बन्ध बनेको छ, किनकि त्यहीँ प्रायः लाटोकोसेरोहरू देख्न पाइन्छ।

म समय मिलाएर कहिले साँझपख, कहिले बिहानै त्यहाँ पुग्छु। घरबाट केही टाढा चुपचाप बसेर म लाटोकोसेरोहरू हेर्छु। केही बेरपछि पुरानो घरको धुरी नजिक, छानोको कुनामा, वा वरिपरिका रुखका हाँगामा उनीहरू देखा पर्छन्। कहिलेकाहीँ "कच्याक–कुचुक" जस्तो आवाज पनि सुनिन्छ। उनीहरू शान्त रूपमा बसिरहेका हुन्छन् र बेला–बेलामा टाउको घुमाएर वरिपरि नियालिरहेका देखिन्छन्।

म सधैं सुरक्षित दूरीमा बसेर दुरबिनको सहायताले उनीहरूको चालचलन हेर्छु। उनीहरू कसरी उड्छन्, कसरी बस्छन्, कसरी आहाराको व्यवस्था गर्छन्, र आफ्नो वरिपरिको वातावरणसँग कसरी घुलमिल हुन्छन् भन्ने कुरा बुझ्ने प्रयास गर्छु। यसरी चुपचाप हेर्दा मनमा एक प्रकारको शान्ति र सन्तुष्टि मिल्छ। दिनभरको थकान हराएजस्तो लाग्छ, र प्रकृतिबाट केही नयाँ कुरा सिकेको अनुभूति हुन्छ।

त्यो पुरानो घर र वरिपरिका रुखहरू लाटोकोसेरोका लागि राम्रो बासस्थान बनेका छन्। त्यसैले त्यही ठाउँमा प्रायः उनीहरूको उपस्थिति देख्न पाइन्छ। कहिलेकाहीँ दुई–तीनवटा सँगै बसेका देखिन्छन्, कहिलेकाहीँ परिवारजस्तै समूहमा पनि। उनीहरूबीचका साना–साना गतिविधि हेर्दा समय बितेको पत्तै हुँदैन।

हाम्रो समाजमा धेरै मानिसहरूले यस्ता चराहरूलाई माया गर्छन् र अनावश्यक रूपमा हानि पुर्‍याउँदैनन्। यो निकै सकारात्मक कुरा हो। तर अझै पनि केही ठाउँमा लाटोकोसेरोबारे अन्धविश्वास पाइन्छ। सही जानकारी नपुग्दा यस्ता जीवप्रति नकारात्मक व्यवहार हुने गरेको छ। त्यसैले जनचेतना बढाउनु धेरै आवश्यक छ।

लाटोकोसेरो संरक्षणका लागि सबैभन्दा महत्वपूर्ण कुरा भनेको उनीहरूको बासस्थान जोगाउनु हो।  पुराना घर, पुराना गोठ, धोद्रो लागेका बुढा रुख—यी सबै लाटोकोसेरोका लागि धेरै महत्वपूर्ण हुन्छन्। यस्ता ठाउँहरू उनीहरूको बस्ने, लुक्ने र बच्चा हुर्काउने सुरक्षित स्थान बन्न सक्छन्। त्यति मात्र होइन, पुराना रुखहरू र यस्ता संरचनाहरू अन्य धेरै जीवजन्तु र समग्र जैविक विविधताका लागि पनि महत्वपूर्ण हुन्छन्।

आजभोलि धेरै ठाउँमा पुराना रुखहरू बेकार ठानेर काटिने वा हटाइने गरिन्छ। सामुदायिक वनमा पनि पुराना र सुक्दै गरेका रुखहरू हटाउने चलन छ। तर यस्ता रुखहरू नै लाटोकोसेरोको घर बन्न सक्छन्। त्यसैले कम्तीमा पनि सामुदायिक वनमा केही पुराना रुखहरू जोगाएर राख्नुपर्छ। यसले लाटोकोसेरो मात्र होइन, अन्य चराचुरुङ्गी र वन्यजन्तुलाई पनि फाइदा पुग्छ।

कास्की, हेम्जाको त्यस ठाउँमा बसेर लाटोकोसेरोहरू हेर्दा मैले पाउने आनन्द केवल व्यक्तिगत अनुभव मात्र होइन। यो त प्रकृतिसँगको सन्तुलित सह–अस्तित्वको एउटा सानो तर सुन्दर उदाहरण हो। यदि हामीले यस्ता पुराना घर, गोठ र बुढा रुखहरू जोगाउन सक्यौं भने, लाटोकोसेरोहरू पनि सुरक्षित रहनेछन् र हाम्रो वातावरण पनि अझ समृद्ध बन्नेछ।



# लाटोकोसेरोका रमाइला जानकारीहरु !



### लाटोकोसेरो राति मात्र सक्रिय हुँदैनन्

सबै लाटोकोसेरो राति मात्र सक्रिय हुँदैनन्। केही लाटोकोसेरो बिहान सबेरै वा बेलुका घाम अस्ताउने बेला बढी चलाखीका साथ सिकार खोज्छन्। कुनै लाटोकोसेरो दिउसो पनि सकृय हुन्छन् । यसैले लाटोकोसेरो भनेपछि सधैं पूरै रातभर मात्र उड्ने चरा हो भन्ने सोच ठीक हुँदैन। फरक प्रजातिका लाटोकोसेराको बानी पनि फरक-फरक हुन्छ।

### बच्चा पनि ठूला र साना !

लाटोकोसेरोका बच्चा सबै एकै दिन निस्कँदैनन्। अण्डा फरक-फरक दिनमा फुट्ने भएकाले एउटै गुँडमा ठूला र साना बच्चा सँगै देखिन सक्छन्। यस कारण जेठो बच्चा अलि बलियो र कान्छो बच्चा अलि कमजोर देखिनु स्वाभाविक हो।





### लाटोकोसेरोमा पोथी भालेभन्दा अलि ठूलो !

मानिसले धेरैजसो सबै चरामा भाले ठूलो हुन्छ भन्ने सोच्छन्, तर लाटोकोसेरोमा धेरै प्रजातिमा उल्टो पनि हुन सक्छ। पोथी ठूलो हुँदा अण्डा सेच्न र बच्चा जोगाउन सजिलो हुन्छ भने भालेले चाँडो उडेर खाना खोज्न सक्ने मानिन्छ।

# लाटोकोसेरोको मृत्युबाट जन्मिएको संरक्षण चेतना

कागेश्वरी मनोहरा नगरपालिकाको काँडाघारीमा भएको एउटा घटनाले धेरै कुरा बदलिदियो। **न्यू स्टार पोल इङ्लिस स्कुलका विद्यार्थीहरू**ले आफ्नो विद्यालय नजिकै दुईवटा लाटोकोसेरो मृत अवस्थामा भेट्टाए। यो सामान्य घटना जस्तो लाग्न सक्थ्यो, तर यहाँका विद्यार्थीहरूले यसलाई गम्भीर रूपमा लिए।

त्यही जिज्ञासाबाट जन्मियो लाटोकोसेरो क्लब। यो नेपालमै स्थानीय विद्यार्थीहरूको पहलमा बनेको पहिलो लाटोकोसेरो संरक्षण समूह हो।
कक्षाकोठादेखि संरक्षणसम्म

कक्षा ९ र १० का ४४ जना वातावरण विज्ञानका विद्यार्थीहरू एउटै उद्देश्यका साथ एकजुट भए। उनीहरू जान्न चाहन्थे-लाटोकोसेरो किन मरिरहेका छन्, र तिनीहरूलाई कसरी बचाउन सकिन्छ? उनीहरूको जिज्ञासा अझ बढ्यो, जब एक दिन कक्षाकोठाबाहिरै एउटा गोठे लाटोकोसेरो देखियो।

क्लबका अध्यक्ष तथा कक्षा १० का विद्यार्थी मनित थापाले भन्छन्, "अनुसन्धानपछि मैले थाहा पाएँ कि काँडाघारी लाटोकोसेरोको एउटा मुख्य स्थान रहेछ। भविष्यका पुस्ताले यी सुन्दर चराहरू देख्न नपाउने हुन् कि भन्ने सोच्दा मलाई दुःख लाग्यो।"

**समुदायसँग जोडिएको अनुसन्धान**
विद्यार्थीहरू केवल किताबमा सीमित भएनन्। उनीहरूले विद्यालय वरिपरि सर्वेक्षण गरे, स्थानीय बासिन्दा र पसलेहरूसँग कुराकानी गरे, र लाटोकोसेरोबारे उनीहरूको ज्ञान र धारणा बुझ्न खोजे। यसले समुदायमा रहेको सचेतनाको अवस्था र प्रचलित भ्रमहरू बुझ्न मद्दत गर्‍यो।

उनीहरूले काँडाघारीमा देखिने लाटोकोसेरोहरूको नियमित अभिलेख पनि राख्न थाले। हरेक अवलोकनमा प्रजाति, स्थान र व्यवहारका विवरण लेखिन्थ्यो। यसले स्थानीय बासस्थानबारे बुझ्न सहयोग पुर्‍यायो।

**'हुट क्याम्प २०८२' को ऐतिहासिक सफलता**

विद्यालयको वार्षिक उत्सवमा आयोजित 'हुट क्याम्प २०८२' विद्यार्थीहरूको सबैभन्दा ठूलो उपलब्धि बन्यो। यस कार्यक्रममा १५० भन्दा बढी स्थानीयको सहभागिता थियो।विद्यार्थीहरूले विश्वभर पाइने लाटोकोसेरो, नेपालमा पाइने २३ प्रजाति, र काँडाघारीमा अभिलेख गरिएका ३ प्रजातिबारे जानकारीमूलक स्टल तयार गरेका थिए। उनीहरूले लाटोकोसेरोमाथिका खतराहरू, संरक्षणका प्रयासहरू, र यसको सांस्कृतिक तथा धार्मिक महत्त्वबारे पनि जानकारी बाँडे। कार्यक्रमलाई अझ रोचक बनाउन 'OWL DICE', 'HOOT LOOP', र 'HUNT THE HUNTER' जस्ता अन्तरक्रियात्मक खेलहरू राखिएका थिए। अन्त्यमा सहभागीहरूले "हामी लाटोकोसेरोलाई माया गर्छौं र तिनीहरूको संरक्षण गर्छौं" भन्ने सन्देशसहित हस्ताक्षर अभियानमा भाग लिए।

**भविष्यका योजनाहरू**

क्लबका आगामी योजनाहरू पनि निकै उत्साहजनक छन्। उनीहरूले कक्षा १ देखि १० सम्मका विद्यार्थीहरूका लागि लाटोकोसेरोबारे चेतनामूलक सत्र सञ्चालन गर्ने योजना बनाएका छन्। साथै, प्रमुख बासस्थान पहिचान गर्न काँडाघारीको 'लाटोकोसेरो नक्सा' तयार गर्ने सोच पनि छ। यसका साथै स्थानीय समुदायलाई छलफलमा सहभागी गराउने, नगरपालिकासँग गुँड निर्माण परियोजनामा सहकार्य गर्ने, काँडाघारीमा नेपाल लाटोकोसेरो महोत्सव आयोजना गर्ने, र विद्यार्थीहरूका लागि लाटोकोसेरोसम्बन्धी पुस्तिका लेख्ने वा संकलन गर्ने लक्ष्य पनि उनीहरूको छ।

**संस्थागत सहयोग**

विद्यालयका प्रिन्सिपल राजिव खरेल शर्माले विद्यार्थीहरूको प्रयासप्रति गर्व व्यक्त गर्दै भने, "धेरैले लाटोकोसेरो कराएको सुन्छन्, तर थोरैले मात्र त्यसलाई बुझ्ने प्रयास गर्छन्। हाम्रा विद्यार्थीहरूले यस्तो पहल गरेकोमा म गर्व गर्छु। साना नानीहरूमा संरक्षणको भावना विकास गर्ने यही सही समय हो।"

**प्रेरणाका स्रोत**

विद्यार्थीहरू सन् २०२३ मा FRIENDS OF NATURE ले आयोजना गरेको नेपाल लाटोकोसेरो महोत्सवको कला प्रतियोगिताबाट प्रेरित भएका हुन्। उनीहरूले राजु आचार्यका कामबाट पनि धेरै सिकेका छन्, जसलाई उनीहरू माया गरेर 'उल्लु सर' भनेर चिन्छन्। दुईवटा मृत लाटोकोसेरोबाट सुरु भएको यो यात्रा अहिले एउटा सशक्त संरक्षण अभियानमा बदलिएको छ। अनुसन्धान र जनचेतनामार्फत लाटोकोसेरो क्लबले देखाएको छ कि युवा पुस्ताले पनि वन्यजन्तु संरक्षणमा अर्थपूर्ण परिवर्तन ल्याउन सक्छ।


# न्यू स्टार पोल इङ्लिस स्कुलको लाटोकोसेरो क्लबको ‘हुट क्याम्प २०८२’का केहि तस्वीरहरु









# एक साँझ, त्यो लाटोकोसेरो,अनेक सोचहरु



सुस्मिता बस्नेत, अनुसन्धान अधिकृत
प्रकृतिका साथीहरु

म साथीहरूसँग त्यो साँझ बाहिर निस्किएको थिएँ। खासै केही काम थिएन। घुम्न, रमाइलो गर्न र केही बेरका लागि दिनभरको थकान बिर्सिन गएका  थियौं। बेलुका करिब ८ बजेको थियो होला। चारैतिर अँध्यारो भइसकेको थियो, अनि त्यस्तो अँध्यारोमा त सानो आवाज वा हलचलमा पनि सजिलै ध्यान जाने नै भयो ।

त्यही बेला मलाई टिनको छानोमाथि केही भएको जस्तो लाग्यो। म रोकिएँ र साथीहरूलाई भनैं, ‘ए, त्यो लाटोकोसेरो हो कि क्या हो?’उनीहरूले पनि हेरे। केही बेर हामी सबै चुपचाप त्यतै हेर्दै बस्यौं। अनि त्यो फेरि चल्यो। शान्त हावामा उडेर अर्को रुखमा गएर बस्यो। हामीले आँखाले पछ्यायौं, अनि केही अघि बढेर फेरि हेर्यौं। त्यहाँ फेरि देखियो, रुखमा चुपचाप बसेको, वरिपरि हेरिरहेको। अलिकति उज्यालोको भरमा र धेरै उत्साहका साथ हामीले त्यसको फोटो खिच्यौं। त्यो त गोठे लाटोकोसेरो पो रहेछ। यो प्रजाति मानिसको नजिकै बस्न मन पराउँछ। त्यो देखेर हामी धेरै खुसी भयौं। एकदमै साँचो र सरल खुसी। अर्को दिन, म अफिसबाट घर फर्कँदै थिएँ। बेलुकीपख थियो। त्यही बेला मैले फेरि दुई वटा बच्चा लाटोकोसेरो देखें।  म फेरि रोकिएँ र उनीहरूलाई हेरिरहें। उनीहरू आमा र बच्चा हुन् कि जस्तो पनि लाग्यो। पक्का थाहा थिएन, तर त्यो दृश्य पनि निकै विशेष लाग्यो।

मैले खिचेका फोटोहरू आफ्ना सहकर्मीहरूसँग पनि बाँडें। किनकि मेरो काम नै लाटोकोसेरो संरक्षणसँग सम्बन्धित छ। त्यसैले यो कुरा मलाई केवल संयोग मात्र जस्तो लागेन, केही विशेष सम्बन्ध जस्तो लाग्यो। पछि मैले जिज्ञासावश इन्टरनेटमा पनि खोजें। त्यहाँ धेरै किसिमका अर्थहरू लेखिएका रहेछन्। केही ठाउँमा बारम्बार लाटोकोसेरो देखिनु भनेको आफ्नो मनको आवाज सुन्नु, अझ सजग हुनु, र वरिपरिको कुरा राम्रोसँग बुझ्नु भन्ने लेखिएको थियो। मलाई यस्ता अर्थहरू मन परे। शान्त र राम्रो लाग्ने खालका थिए।

तर केही ठाउँमा अपशकुन, चेतावनी जस्ता कुराहरु  पनि लेखिएका थिए। मैले सुरुमा त्यस्तो कुरामा धेरै ध्यान दिएको थिइनँ। तर जब मैले आफ्नो अनुभव एउटी साथीलाई सुनाएँ, उनले भनिन्, कतै कतै लाटोकोसेरो देखिनु भनेको नजिकको कसैको मृत्यु हुन सक्ने संकेत समेत  मानिन्छ। एकछिन म साँच्चै डराएँ। डर भन्ने कुरा मनमा कति छिटो आउँदो रहेछ। पूर्ण रूपमा विश्वास नगरे पनि, त्यस्तो कुरा सुनेपछि मनमा अलिअलि बसिरहन्छ। तर पछि मैले त्यो कुरा बिस्तारै सम्झन छोडिदिएँ। समय बित्यो। केही पनि भएन। जीवन पहिलेजस्तै अगाडि बढिरह्यो। पछि फर्केर सोच्दा मैले एउटा कुरा बुझेँ। त्यो कुनै नराम्रो संकेत थिएन। त्यो कुनै चेतावनी पनि थिएन। त्यो त केवल प्रकृति थियो, जो शान्त रूपमा मेरो वरिपरि थियो। र मैले त्यसलाई देख्न पाएँ। अनुभव गर्न पाएँ।



# लाटोकोसेरोले फेरेको मेरो मन !



**आभा पोखरेल ,**
**अनुसन्धान तथा संरक्षण अधिकृत**
**प्रकृतिका साथीहरु**

वनजंगल, तालतलाउ र प्राकृतिक क्षेत्रहरू घुम्ने क्रममा मैले विभिन्न ठाउँमा लाटोकोसेरोहरुको अवलोकन गर्ने अवसर पाएको छु। कहिले ती एक्कासि उडेर टाढा जान्थे, कहिले भने केही समय बसेर क्यामेरामा कैद हुन्थे। सुरुका दिनमा लाटोकोसेरो देख्दा उत्साह त धेरै हुन्थ्यो, तर प्रजाति छुट्याउने ज्ञान भने कम थियो।

पहिलो पटक मैले सुर्खेतको बुलबुले ताल क्षेत्रमा लाटोकोसेरो देखेको थिएँ। त्यसबेला त्यो SPOTTED OWLET (कोचलगाँडे लाटोकोसेरो) हो कि JUNGLE OWLET (डुन्डुल) वा अर्को कुनै सानो लाटोकोसेरो हो भन्ने छुट्याउन सकिनँ। पछि चितवनको मेघौली क्षेत्रमा पनि फेरि अर्को लाटोकोसेरो देख्दा त्यस्तै भयो। त्यो TAWNY FISH OWL (कैलो मलाहा हुचिल) हो कि BROWN FISH OWL (मलाहा हुचिल) भन्ने स्पष्ट थाहा भएन। त्यस समय ती भेटहरू केवल रमाइला अनुभव मात्र बनेर रहे।

तर समयसँगै ती सामान्य अनुभवहरू सिकाइमा बदलिन थाले। प्रकृतिका साथीहरूले हरेक वर्ष सञ्चालन गर्ने WILDLIFE RESEARCH TECHNIQUES TRAINING मा सहभागी भएपछि लाटोकोसेरोका प्रजाति, तिनका बासस्थान, व्यवहार र आवाजबारे बुझ्ने अवसर मिल्यो।
तालिमका क्रममा राति स्याङ्जाको भैँसेगौडा सामुदायिक होमस्टेको छतबाट “टुट्-टु” जस्तो आवाज सुनियो। पछि थाहा भयो, त्यो आवाज MOUNTAIN SCOPS OWL (लेकाली उल्लुक) को रहेछ। साँझ लाटोकोसेरो अवलोकनका लागि छुट्टै समय राखिएको थियो, तर त्यस दिन प्रत्यक्ष देख्न सकिएन। भोलिपल्ट दिनको समयमा भने ASIAN BARRED OWLET (ठूलो डुन्डुल) देख्न सफल भयौँ। पछि पुराना फोटो र अनुभवलाई फेरि तुलना गर्दा सुर्खेतमा देखिएको लाटोकोसेरो SPOTTED OWLET (कोचलगाँडे लाटोकोसेरो) र मेघौलीमा देखिएको लाटोकोसेरो BROWN FISH OWL (मलाहा हुचिल) रहेछ भन्ने बुझियो।


लाटोकोसेरो चिन्ने क्रममा मैले केही रोचक तथ्य पनि सिकेँ। उदाहरणका लागि, लाटोकोसेरोको आँखामा तिन किसीमका ढकनीहरु हुन्छन् भन्ने कुरा धेरैलाई थाहा नहुन सक्छ। एउटा माथिल्लो ढकनी झिम्काउन, अर्को तलको ढकनी सुत्न, र तेस्रो पारदर्शी ढकनी आँखाको सुरक्षा गर्न प्रयोग हुन्छ। त्यसैगरी, लाटोकोसेरो उड्दा धेरै कम आवाज आउनुको कारण यसको पखेटाको विशेष बनावट हो। यही कारणले लाटोकोसेरो रातिमा सिकार नजिक पुग्न निकै सफल हुन्छ। यी कुरा पुस्तक र प्रशिक्षण दुवैबाट बुझ्दा लाटोकोसेरोप्रतिको चासो अझ गहिरो भयो।

मेरो अर्को स्मरणीय अनुभव कीर्तिपुरको एक रातसँग जोडिएको छ। त्यहाँ बसाइँका क्रममा मैले BARN OWL (गोठे लाटोकोसेरो) प्रत्यक्ष अवलोकन गर्ने मौका पाएँ। यसअघि यसको नाम सुनेको भए पनि नजिकबाट हेर्न पाउँदा एउटा फरक अनुभूति भयो। रातिको सन्नाटा, सेतो-फिक्का शरीर, र निःशब्द उडानले लाटोकोसेरोलाई किन रहस्यमय पक्षी मानिन्छ भन्ने कुरा प्रत्यक्ष महसुस भयो।

लाटोकोसेरो केवल राति देखिने अनौठो चरामात्र होइन, वातावरणका लागि पनि उपयोगी पक्षी हो। यसले मुसा, किराफट्याङ्ग्रा र साना जनावर खाएर प्राकृतिक सन्तुलन कायम गर्न मद्दत गर्छ। यस अर्थमा लाटोकोसेरो किसानको साथी पनि हो। तर नेपालमा अझै पनि कतिपय ठाउँमा लाटोकोसेरोबारे अन्धविश्वास पाइन्छ। यस्तो तथ्यले लाटोकोसेरो हेर्नु मात्र होइन, यसको संरक्षणबारे पनि सोच्नुपर्ने आवश्यकता देखाउँछ।

आज फर्केर हेर्दा, सुर्खेत, मेघौली, स्याङ्जा र कीर्तिपुरका ती अनुभवहरूले मलाई लाटोकोसेरो चिन्न, बुझ्न र सम्मान गर्न सिकाएका छन्। पहिले देखेको चरालाई नाम दिन नसक्नु एउटा सामान्य जिज्ञासा थियो; अहिले त्यही जिज्ञासा सिकाइमा बदलिएको छ। अब लाटोकोसेरो देख्दा म केवल फोटो खिच्ने होइन, यसको आकार, बासस्थान, आवाज र व्यवहार पनि ध्यानपूर्वक हेर्ने प्रयास गर्छु। यही अनुभवले चराचुरुङ्गीबारे अझ धेरै सिक्ने इच्छा झन् बढाएको छ।







# जंगलका आँखा

अपरिचित जंगलहरूमा हुँदा कहिलेकाहीँ एउटा खास अनुभूति हुन्छ, म एक्लो छैन भन्ने आभास। पश्चिम नेपालको सुर्खेत जिल्लाको घना जंगलमा म अध्ययनका लागि गएको थिएँ। पहिलो दिनदेखि नै मलाई कसैले हेरिरहेको जस्तो लाग्थ्यो। त्यो अनुभूति डरलाग्दो भने थिएन, बरु शान्त अभिभावकत्वले भरिएको थियो। मानौँ रूखहरूमा कतै लुकेको कुनै अस्तित्वले मेरो आवतजावतलाई चुपचाप नियालिरहेको थियो। त्यो के हो भन्ने कुरा पत्ता लगाउन मलाई धेरै समय लागेन।




विनय घिमिरे
संरक्षण तथा अनुसन्धान अधिकृत
प्रकृतिका साथीहरु


हरेक बिहान, जब म अध्ययनका लागि जंगलतिर निस्किन्थेँ, नजिकै कतै एउटा उल्लु हुन्थ्यो। हरेक गोधूलि साँझ, जब म फर्किन्थेँ, त्यो फेरि त्यहीँ देखिन्थ्यो। धैर्यवान, स्थिर, र आफ्नै ढङ्गले हेरिरहेको।

तर उसले मेरो उपस्थितिलाई खासै वास्ता गरेको जस्तो कहिल्यै लाग्दैनथ्यो। चराहरूप्रति रुचि भएको मान्छे भएकाले म धेरैजसो प्रजाति चिन्न सक्थेँ। प्रायः ठूलो डुन्डुल देखिन्थ्यो, तर कहिलेकाहीँ जंगलले मलाई चिन्न नसकेको अर्को उल्लु पनि देखाइदिन्थ्यो।

नदीको किनारमा साँझ पर्न थालेपछि म कहिलेकाहीँ हाँगामा बसेको एउटा निकै ठूलो चराको आकृति देख्थेँ, जुन स्पष्ट रूपमा उल्लु नै हुन्थ्यो। शरीरका विशेषता छुट्याउन गाह्रो हुन्थ्यो, तर त्यो मधुरो साँझमा चुपचाप बसेर मलाई हेरिरहन्थ्यो। म पनि उभिएर उसलाई हेरिरहन्थेँ। एकअर्कालाई चिन्ने कोशिश गरिरहेका दुई प्राणीबीच त्यो समय गज्जबको थियो।

तर मलाई सबैभन्दा अचम्म लाग्ने कुरा तिनीहरूको बाहुल्यता थियो। म काठमाडौं उपत्यकामा बस्छु, जहाँ उल्लुहरू दुर्लभ छन्। देख्न त झन् अझै दुर्लभ, कहिलेकाहीँ मात्र आवाज सुनिन्छ। तर यहाँ, सुर्खेतमा, तिनीहरू जताततै देखिन्थे। अझ रोचक कुरा के थियो भने, तिनीहरू मानिस बसोबास वरपर पनि सहज रूपमा भेटिन्थे। उत्सुकतावश मैले स्थानीयहरूलाई सोधेँ, र उनीहरूबाट सिकेको कुरा उल्लेखनीय थियो। नेपालको यो दुर्गम कुनामा मानिसहरूले कुनै औपचारिक शिक्षा बिना पनि आफ्नो पारिस्थितिक प्रणाली राम्रोसँग बुझेका रहेछन्। किसानहरूलाई थाहा थियो कि उल्लुले मुसा खान्छ, र त्यसैले धानखेत तथा बारीबारी जोगिन्छन्।

त्यससँगै एउटा विश्वास पनि रहेछ। उल्लु मार्नु भनेको घरपरिवारमा दुर्भाग्य निम्त्याउनु हो। त्यसैले शिकार र सिकारी प्रशस्त हुने क्षेत्रमा पनि उल्लुहरूलाई  छोडिन्थ्यो। तिनीहरू कानूनले होइन, स्थानीय ज्ञान र लोककथाले संरक्षित थिए। पहाडहरूको बीचमा बनेको एउटा दुर्लभ संरक्षण स्थल जस्तो ।

मलाई यो ती संरक्षणका उदाहरणहरूमध्ये एक जस्तो लाग्यो, जसबारे कसैले खासै लेख्दैनन् । एउटा जिल्ला, एउटा क्षेत्र, र मुसाको समस्या मिलेर यहाँ यस्तो अवस्था बनेको थियो, जुन कुरा दशकौँको वन्यजन्तु नीतिले पनि सधैं सजिलै हासिल गर्न सक्दैन। यहाँ जंगली जीवहरू खुला रूपमा बस्न सक्थे, आफ्नो पारिस्थितिक भूमिका निभाउन सक्थे, र आफ्नो संसारबाट गुज्रिरहेको अपरिचित मानिसलाई निसंकोच हेर्न सक्थे।

यसरी म दिनदिनै रूखहरूमा बसेका ती धैर्यवान पहरेदारहरूको निगरानीमा रहन्थेँ। मलाई लाग्थ्यो, उनीहरूले बुझेका थिए कि मेरो कुनै हानि गर्ने उद्देश्य छैन। सायद त्यसैले उनीहरू त्यहीँ बस्थे, चुपचाप हेरिरहन्थे, एक किसिमको पहरेदारझैँ।



# लाटोकोसेरो सम्बन्धि समाचार, उद्दार अन्य जानकारीहरु

**नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव**

चुनावका कारण स्थगित भएको नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव यही वैशाख १८ र १९ गते गर्ने सहमति भएको छ। यसपालिको उत्सव दाङ जिल्लाको लमहीस्थित जैविक विविधता ग्रिन पार्कमा अजम्बरी सामुदायिक वनसँगको सहकार्यमा हुँदैछ। सन् २०१२ बाट सुरु भएको यो उत्सव संस्कृति, संरक्षण र खेलकुदको समिश्रण हो। यो विगत १३ वर्षदेखि नेपालको विभिन्न भागमा हुँदै आएको उत्सव हो।

**हिमाली कोचलगाँडेको प्रजनन क्षेत्र**

मुस्ताङ जिल्लाको तेताङ्ग क्षेत्रबाट हिमाली कोचलगाँडे (LITTLE OWL – ATHENE NOCTUA) को पछिल्लो अभिलेख प्राप्त भएको छ। यो लाटोकोसेरो दुई बच्चासहित देखिएको थियो, जसले नेपालमा यस प्रजातिको प्रजनन अवस्थाबारे बलियो संकेत गर्दछ। यस अभिलेखको पहिचान तथा पुष्टि FRIENDS OF NATURE NEPAL का अध्यक्ष सोम जी. सी. तथा राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC-ACAP) का पूर्व संरक्षण अधिकृत ऋषि बराल द्वारा गरिएको हो। यद्यपि हिमाली कोचलगाँडे यसअघि पनि मुस्ताङ समेत हिमाली जिल्लाहरुबाट अभिलेखित भइसकेको प्रजाति हो, यस्ता पछिल्ला अभिलेखहरू वैज्ञानिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छन्। विशेषगरी, यिनले यस प्रजातिको वितरण, आवास तथा प्रजनन अवस्थासम्बन्धी ज्ञान अद्यावधिक गर्न महत्वपूर्ण आधार प्रदान गर्छन्।

- बिर्तामोड क्षेत्रमा फागुन महिनामा घाइते गोठे लाटोकोसेरो भेटिएको र त्यसको उद्धार गर्न चाहेको जानकारी अनुज लुइँटेलले टिकटकमार्फत गराएका थिए, तर यसको पछिल्लो अवस्था भने अज्ञात छ।

- २०८२ माघ १६ गते कास्की जिल्लाको सिसुवा, नौबिसे क्षेत्रबाट विष्णु लामिछानेले गोठे लाटोकोसेरो (BARN OWL) को अभिलेख गर्नुभएको थियो।

- २०८२ माघ १५ गते नेपाल टेलिकम, ठाकुरद्वाराका कर्मचारी चित्रबहादुर बी.क.ले कालपेँचक (BROWN BOOBOOK / BROWN HAWK OWL ) को उद्धार गरी बर्दिया राष्ट्रिय निकुञ्जमा बुझाउनुभएको थियो। सामान्य चोट लागेको उक्त चरालाई सामान्य उपचारपछि पुनः छोडिएको हो।




२०८२ माघ २१ गते पोखराको भुर्जुङ खोला क्षेत्रमा कोचलगाँडे लाटोकोसेरो (SPOTTED OWLET) भेटिएको थियो। उक्त लाटोकोसेरो ङ्वाङ कुङ्गा लामाले फेला पारेर उद्धारका लागि खबर गर्नुभएको थियो। साँझतिर उहाँले आफ्नै माछा फार्मबाट त्यसलाई सुरक्षित रूपमा उडाएर छोड्नुभएको थियो।



२०८२ माघ १५ गते मोरङको उर्लाबारी–३, मंगलबारेस्थित सव डिभिजन वन कार्यालयले वन्यजन्तु तथा चराचुरुङ्गी संरक्षणलाई निरन्तर प्राथमिकतामा राख्दै मानव बस्तीमा फेला परेका गोठे लाटोकोसेराका दुई बच्चालाई सुरक्षित रूपमा हुर्काई प्राकृतिक वासस्थानमा पुनःस्थापना गरेको छ।



२०८२ पुस ६ गते ललितपुर जिल्लाको बज्रबाराही क्षेत्रको खेतबारीमा गोठे लाटोकोसेरो (COMMON BARN OWL) मृत अवस्थामा फेला परेको थियो। यसको तस्बिर टेक घर्ती मगरले खिच्नुभएको हो। मृत्युको कारण भने खुल्न सकेको छैन।




काँडाघारी (कागेश्वरी मनोहरा नगरपालिका) स्थित न्यू स्टार पोल इङ्ग्लिस स्कुलको लाटोकोसेरो क्लबले लाटोकोसेरोसम्बन्धी परियोजनाका क्रममा यी चित्रहरू तयार गरेको हो।

## प्रकृतिका साथीहरुको चौमासिक प्रकाशन हाप्सिलो

## **अवधारणा :** राजु आचार्य र यादव घिमिरे

## **सम्पादक :** राजु आचार्य

## लेख, रचना तथा सम्पर्कका लागि

rajuhugu_13@yahoo.com